२५८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४३३/२०७१/०७२

धादिङ जिल्ला, धादिङबेसी बस्ने कुमार बाबु श्रेष्ठ ......................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,धादिङ ............१ विपक्षी
सूचना अधिकारी, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,धादिङ ............१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

धादिङ जिल्ला, धादिङबेसी बस्ने कुमार बाबु श्रेष्ठले जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. आ.व. २०७१।०७२ मा त्यस कार्यालयको कर्मचारी संख्या, सञ्चार माध्यमको लागि सूचना, आर्थिक सहयोग, कार्यालय सञ्चालन खर्च, फोटोकपी, टोनर, कम्प्युटर मर्मत आदिको खर्च रकम पाउने व्यक्ति तथा संस्थानको प्रमाणित प्रतिलिपि ।
२. त्यस कार्यालयका आ.व. २०७१।०७२ को इन्धन खर्च, मर्मत, सम्भार तथा मेडिकल सख्या समेत सम्पूर्ण रकम खर्चको प्रमाणित प्रतिलिपि ।
३. त्यस कार्यालयबाट विभिन्न शीर्षकमा तालिम, गोष्ठी, भ्रमण लगायत विषयमा हुने सम्पूर्ण खर्च पाउने व्यक्ति तथा संस्थाको नाम सहितको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल असार ४ गते रोज ६ शुभम् ।